# नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभा वार्षिक प्रतिवेदन २०८०

## (नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आ.व. २०७९/८० को आय-व्यय विवरण समेत)

१. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभामा कार्यकारिणी समितिको तर्फबाट यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु । यस वार्षिक प्रतिवेदनमा गत २०७९ साल फागुन २४ र २५ गते सम्पन्न छैठौं प्रदेश सभा तथा अधिवेशनपश्चात गठित नेउवामहासंघ बागमती प्रदेशको नवनिर्वाचित कार्यकारिणी समितिबाट भएका प्रमुख क्रियाकलाप तथा कार्यक्रमका साथै गतिविधि, क्रियाकलाप तथा कार्यक्रमहरू बारे संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

२. कार्यकारिणी समितिले छैठौं प्रदेश सभापश्चातको ११ महिनाको अवधिमा प्रदेशले उद्योगी व्यवसायीहरूको हकहितको संरक्षण तथा सम्बर्द्धनको साथै देशको उद्योग व्यवसाय, लगानी क्षेत्रको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि हुनुपर्ने नीतिगत व्यवस्थाहरू बारे सम्बन्धित निकाय तथा विभिन्न तह र तप्काहरूमा आवश्यक छलफल गरी आफ्नो आवाजहरू पेश गर्दै आएको छ ।

३. हेटौंडा उपमहानगरपालिका कार्यालयबाट बागमती प्रदेशको सचिवालय भवन निर्माणको लागि प्राप्त जग्गामा कम्पाउण्ड वाल लगाई सकिएको र सचिवालय भवनको नक्सा तथा डिजाईनहरू बनाउने कार्य सम्पन्न गरिएको छ । हेटौंडा उपमहानगरपालिका कार्यालयबाट भवन निर्माणको स्वीकृतिको लागि पत्राचार भईसकेको छ ।

४. नेपाल सरकार बागमती प्रदेश सामाजिक विकास मन्त्रालयसंगको सहकार्यमा राष्ट्रिय सीप परिक्षण परियोजना विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघहरू मार्फत अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

५. पूर्व बजेट अन्तरक्रिया, उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्या, विषयगत समितिहरूबीच परिचयात्मक छलफल, मधेश प्रदेश र बागमती प्रदेशबीच बिटुबि बैठक, स्वमूल्यांकन सम्बन्धी आधारभूत तालिम, कृषि उद्यम केन्द्रसंग एक गाउँ एक उत्पादन कार्यक्रम आयोजना गर्ने विषयहरूमा छलफल तथा अन्तरक्रिया आयोजना गरिएको छ ।





६. कार्यकीरिणी सदस्य तथा सचिवालय कर्मचारीहरूलाई विभिन्न तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रमहरूमा सहभागी गराईंदै आएको छ भने जिल्ला नगर उद्योग वाणिज्य संघहरूलाई कार्यशाला गोष्ठीको लागि सहजकर्ता उपलब्ध गराई सहयोग गरिंदै आएको छ ।

७. विभिन्न मन्त्रालय तथा निकायहरूमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको उल्लेखनीय उपस्थिति रहने गरेको र आफ्नो सशक्त बिचारहरू व्यक्त गर्ने गरिएको छ ।

८. यस अघि मकवानपुर उद्योग वाणिज्य संघमा रहेको सचिवालय यसै वर्षको जेठदेखि हेटौंडा ४ स्थित हुप्रचौर नजिकै स्थानान्तरण गरी व्यवस्थित रूपमा बागमती प्रदेश अन्तर्गत रहेका १३ वटा जिल्ला, १५ वटा नगर उद्योग वाणिज्य संघ समेत २८ वटा उद्योग वाणिज्य संघ, ९७ वटा एसोसियट सदस्य तथा ९ वटा वस्तुगत सदस्यहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रदान गर्दै आईरहेको छ ।

९. जिल्ला नगर उद्योग वाणिज्य संघहरूले आयोजना गर्ने मेला महोत्सवहरूको प्रदेश महासंघको वेबसाईट मार्फत प्रचार प्रसार गर्ने गरिएको छ । केन्द्रीय महासंघबाट प्राप्त निर्देशन तथा सूचनाहरू जिल्ला नगर उवासंघ तथा सदस्यहरूबीच पुऱ्याउने कार्यहरू गरिएको छ ।

**१०. छैठौं प्रदेश सभा भव्यतापूर्वक सम्पन्न : (२०७९ फागुन २४ र २५ गते)**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको छैठौं प्रदेश सभा तथा अधिवेशन हेटौंडामा भव्यतापूर्वक सम्पन्न गरिएको थियो । प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षता, नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालज्यूको प्रमुख आतिथ्यता, नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन उपाध्यक्षत्रय दिनेश श्रेष्ठ, अञ्जन श्रेष्ठ, रामचन्द्र संघईज्यू, हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाज्यूको विशेष आतिथ्यतामा छैठौं प्रदेश सभा आयोजना गरिएको थियो ।

'राष्ट्र अहिले संवेदनशील अवस्थामा छ र नेपाल उद्योग वाणिज्य महासंघ सदैव निजी क्षेत्रको आवाज बुलन्द बनाउन लागि परिरहनेछ' प्रमुख अतिथि ढकालले बताउनुभएको थियो । बैंकको तरलता अभावका कारण बैंक व्याज बृद्धि हुन गएको बताउनुहुँदै प्रमुख अतिथि ढकालले यस विषयमा नेपाल राष्ट्र बैंकसंग निरन्तर छलफल भईरहेको र विस्तारै

सकारात्मक दिशाउन्मुख जाने विश्वास रहेको बताउनुभएको थियो । व्याज एकल अंकमा ल्याउन निरन्तर प्रयासरत् रहेको बताउनुहुँदै उहाँले सोही प्रयास अनुरूप बैंकहरूले हाल ०.७५ प्रतिशत भन्दा बढी प्रिमियम लिन नपाईने बनाईएको पनि बताउनुभएको थियो । सभामा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष तथा छैठौं प्रदेश सभाका सभापति दिल सुन्दर श्रेष्ठज्यूले कोभिड १९ ले थलिएको आर्थिक क्षेत्र विस्तारै अघि बढ्न थालेकोमा व्यवसायमैत्री नीतिको अभावले निजी क्षेत्र प्रताडित हुनुपरेको बताउनुभएको थियो । बैंक व्याज बृद्धि, औद्योगिक क्षेत्रका जग्गाको अस्वाभाविक भाडा बृद्धि, कर सम्बन्धी विविध समस्याहरू लगायतका कारण निजी क्षेत्र धर्मराउँदो स्थितिमा रहेको बताउनुभएको थियो । प्रदेश महासंघको सचिवालय भवन निर्माणकालागि सबैको सहयोग प्राप्त हुने अपेक्षा राख्नुहुँदै अध्यक्ष श्रेष्ठले समयसापेक्ष नेपाल उद्योग वाणिज्य महासंघ र प्रदेश महासंघको विधान संशोधन हुनुपर्ने कुरामा जोड दिनुभएको थियो । जिल्ला नगर उवासंघको स्तरवृद्धिको लागि नेपाल उद्योग वाणिज्य महासंघले छुट्टै कोष बनाई अघि बढ्नु जरूरी रहेको बताउनुहुँदै उहाँले प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथिलगायत उपस्थित सम्पूर्णलाई स्वागत गर्नुभएको थियो ।

शुभकामना मन्तव्य राख्ने क्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको छैठौं प्रदेश सभाको सफलताको कामनासहित हेटौंडा उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष जुना दाहालज्यूले नेउवामहासंघ बागमती प्रदेशको सचिवालय आफ्नै वडामा रहेकोले खुशी व्यक्त गर्नुहुँदै बागमती प्रदेशलाई अघि बढाउन वडाबाट पनि पूर्ण सहयोग रहने बताउनुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन केन्द्रीय कार्यकारिणी सदस्य अरूणराज सुमार्गीज्यूले अहिलेको विषम् परिस्थितिमा उद्योगी व्यवसायीहरूले आत्महत्या, आत्मदाह गर्न बाध्य हुनुपर्ने स्थिति आउन नदिन सरकारको ध्यानाकर्षण गराउँदै प्रदेश सभाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । त्यसैगरी सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका तात्कालिन सचिव रामशरण सापकोटाज्यूले सरकार र निजी क्षेत्र मिलेर अघि बढ्नुको विकल्प नरहेको र दुवै पक्षको जीत जीत अवधारणा अनुसार अघि बढ्नु जरूरी रहेको बताउनुभएको थियो । हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीना कुमारी लामाज्यूले बागमती प्रदेशको राजधानीलाई अझ राम्रो बनाउन सबैको सहयोग जरूरी रहेको र उद्योगी व्यवसायीको हक हितमा उपमहानगरपालिका सदैव साथ रहने बताउनुभएको थियो ।



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन पूर्व उपाध्यक्ष एवम् मानार्थ सदस्य किशोर प्रधानज्यूले नेपाल उद्योग वाणिज्य महासंघले उद्योगी व्यवसायीहरूको पीरमर्कालाई आफ्नो सम्झेर अघि बढ्नुपर्ने सुझाउनुहुँदै प्रदेश सभाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन एशोसियट उपाध्यक्ष रामचन्द्र संघईज्यूले शोधानान्तर घाटा, वर्तमान बैंक व्याज बृद्धि समस्यालगायतका विषयमा सरकारको ध्यानाकर्षण गराईएको र छिट्टै समस्या समाधान हुनेमा आशावादी हुन आग्रह गर्नुभएको थियो ।




नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन उपाध्यक्ष अञ्जन श्रेष्ठज्यूले अहिले राष्ट्रले भोग्नु परिरहेको विविध समस्या उद्योगी व्यवसायीहरूद्वारा सिर्जित नभएको र उद्योगी व्यवसायी आर्थिक मन्दीबाट उठ्दै गरेको अवस्थामा व्याज दर बृद्धिले थप आक्रान्त भएको बताउनुभएको थियो । राष्ट्र बैंकले परिसूचक राम्रो देखाउँदै गरेको अवस्थामा व्याज बृद्धि हुनु निश्चय नै दु:खद रहेको र यसको लागि अब उद्योगी व्यवसायीहरू नै जाग्नु पर्ने पनि बताउनुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन उपाध्यक्ष दिनेश श्रेष्ठज्यूले उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्या समाधानमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदा पनि समाधान नभए निजी क्षेत्र एक भई विरोधका कार्यक्रम अघि बढाउनुपर्ने बताउनुभएको थियो । राज्यले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न आग्रह गर्दै उहाँले राष्ट्रको

विकासमा निजी क्षेत्रको योगदानलाई नबिर्सन पनि आग्रह गर्नुभएको थियो ।

छैठौं प्रदेश सभाको अवसमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय स्थापनाको लागि स्थान एवम् अन्य पूर्वाधार उपलब्ध गराई सचिवालय व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुऱ्याईदिनु भएकोमा मकवानपुर उद्योग वाणिज्य संघ, हेटौंडालाई सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो । सम्मान-पत्र प्रमुख अतिथि चन्द्र प्रसाद ढकालज्यूबाट मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताज्यूलाई प्रदान गरिएको थियो ।

साथै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको तेश्रो प्रदेश सभाबाट निर्वाचित सम्पूर्ण पदाधिकारी तथा कार्यकारिणी सदस्यहरू एवम् सम्पूर्ण पदेन सदस्यहरूलाई प्रदेश महासंघको कृयाकलापहरूमा सकृय सहभागी भई कार्यकाल सफल बनाउन सहयोग गरिदिनु भएकोमा अध्यक्ष श्रेष्ठले प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो ।

प्रमुख अतिथि चन्द्र प्रसाद ढकालज्यूलाई नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले मायाको चिनो प्रदान गर्नुभएको थियो भने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सम्पूर्ण पदाधिकारी तथा कार्यकारिणी सदस्यज्यूहरूको तर्फबाट अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

समुद्घाटन सत्रको अन्त्यमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले छैठौं प्रदेश सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, विभिन्न जिल्ला नगर उवासंघका अध्यक्ष र प्रतिनिधिज्यूहरू, विभिन्न बस्तुगत संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, एशोसियट संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू, विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरूलाई बागमती प्रदेश महासंघको आमन्त्रणलाई स्वीकार गरी सभाको गरिमा बढाईदिनुभएकोमा हार्दिक धन्यवादज्ञापन गर्नुभएको थियो । सभाको सञ्चालन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका तात्कालिन उपाध्यक्ष सविन श्रेष्ठज्यूले गर्नुभएको थियो ।

समुद्घाटन सत्रपश्चात अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षतामा बसेको बन्द सत्रमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले वर्षभरि आयोजना गरेका कार्यक्रम तथा गतिविधिहरू समेटिएर तयार गरिएको प्रतिवेदन प्रस्तुत गरि सर्वसम्मत अनुमोदन गरिएको थियो भने तात्कालिन कोषाध्यक्ष गुणराज श्रेष्ठज्यूले आ.व. २०७८।७९ को



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

आम्दानीतर्फ रू. ४२,४२,८४४।९४ पैसा र खर्चतर्फ रू. ३६,११,९२१।३५ पैसाको आय व्यय विवरण पेश गर्नुभएकोमा सर्वसम्मत अनुमोदन गरिएको थियो । त्यसैगरी आन्तरिक लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा बि.पि. न्यौपाने एण्ड एशोसियट्सलाई रू. १५,०००।- (पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरिएको थियो । छैठौं प्रदेश सभामा विचारार्थ प्रस्तुत प्रस्तावहरूमा नमोबुद्ध उद्योग वाणिज्य संघबाट नयाँ व्यवसाय दर्ता गर्दा उद्योग वाणिज्य संघको सिफारिश अनिवार्य गर्न पहल गर्नुपर्ने प्रस्ताव प्राप्त भएकोमा उक्त प्रस्ताव सम्बन्धित निकायमा पेश गर्ने निर्णयसहित अनुमोदन गरिएको थियो । साथै प्रदेशको विधानमा प्रदेशको राजधानीस्थित उद्योग वाणिज्य संघको १ (एक) जना पदेन सदस्य हुने व्यवस्था राखिनु पर्ने प्रस्ताव आगामी विधान संशोधन गर्दा राख्न पहल गर्ने निर्णय गरिएको थियो ।

बन्द सत्रको छलफलमा कीर्तिपुर नगर उवासंघका अध्यक्ष राज्यलक्ष्मी शाक्य महर्जनज्यूले उवासंघको गरिमा घट्न नदिन लागिपर्नुपर्ने, महिला सहभागिता बढाउनुपर्ने सुझाव दिनुभएको थियो। त्यसैगरी महालक्ष्मी नगर उद्योग वाणिज्य संघका अध्यक्ष नविन्द्र देव सिंहज्यूले नेपाल उद्योग वाणिज्य महासंघको लोगो अंकित व्याचको दुरूपयोग हुन नदिन आग्रह गर्नुभएको थियो । बन्द सत्रका सभाध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले संयुक्त रूपमा प्रदेशस्तरीय मेला आयोजना गर्न आव्हान गर्नुहुँदै विधान संशोधनको विषयमा आवाज बुलन्द बनाउने बताउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन उपाध्यक्ष दिनेश श्रेष्ठज्यूले बैंक व्याज बृद्धिको विरोधमा सबै एकजुट भई लाग्नुपर्ने बताउनुभएको थियो भने जिल्ला नगर उवासंघको स्तरोन्नतिको लागि छुट्टै कोषको स्थापना गरी अघि बढ्नुपर्ने सुझाउनु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका तात्कालिन केन्द्रीय सदस्य सुरकृष्ण बैद्यज्यूले नेपाल सरकारबाट जिल्ला नगर उवासंघहरूसंगको समन्वयमा १२० भन्दा बढी तालिमहरू प्रदान गर्न ३ अर्बको बजेट छुट्ट्याईएको बताउनुहुँदै स्थानीय निकायसंग उवासंघहरूले समन्वय गर्न अनुरोध गर्नुभएको थियो ।

छैठौं प्रदेश सभाको माईन्यूट प्रमाणित गर्न ललितपुर उद्योग वाणिज्य संघका तात्कालिन अध्यक्ष मनोज बहादुर न्याछ्योंज्यूलाई प्रतिनिधि नियुक्त गर्ने निर्णय गरिएको थियो । बन्द सत्रको अन्त्यमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले उपस्थित सम्पूर्णमा हार्दिक धन्यवादज्ञापनसहित कार्यक्रम समापन गर्नुभएको थियो ।

छैठौं प्रदेश सभापश्चात नयाँ कार्यकालको लागि नेउवामहासंघ बागमती प्रदेश निर्वाचन

समितिबाट पूर्व प्रकाशित निर्वाचन तालिका अनुसार भएको निर्वाचन कार्यक्रमबाट तपसिल बमोजिम नतिजा प्राप्त भई निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतबाट निर्वाचित सबैलाई प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

| | |
|---|---|
| अध्यक्ष : श्री दिल सुन्दर श्रेष्ठ (धुलिखेल उवासंघ) | : निर्विरोध निर्वाचित |
| उपाधयक्ष (जि/नगर) : श्री गुणराज श्रेष्ठ (उवासंघ खैरहनी) | : निर्विरोध निर्वाचित |
| उपाध्यक्ष (बस्तु/एशो) : श्री दुर्गाराज श्रेष्ठ (नेपाल वितरक संघ) | : निर्वाचित |
| कोषाध्यक्ष : श्री कविराज खत्री (थाहानगर उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (जि/नगर) : श्री जीवनकाजी माकजु श्रेष्ठ (मकवानपुर उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (जि/नगर) : श्री शिवप्रसाद मानन्धर (भक्तपुर उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (जि/नगर) : श्री कृष्णभक्त श्रेष्ठ (चन्द्रागिरी नगर उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (जि/नगर) : श्री राजन कार्की (पाँचखाल उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (जि/नगर) : श्री सनत थापा (दोलखा उवासंघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (बस्तुगत) : श्री विरेन्द्रनाथ भट्टराई (बालाजु उद्योग विकास संघ) | : निर्विरोध निर्वाचित |
| सदस्य (एशो) : श्री अनिल कृष्ण श्रेष्ठ (अन्नपूर्ण मत्स्य ह्याचरी) | : निर्विरोध निर्वाचित |
| सदस्य (एशो) : श्री प्रेमहरी मैनाली (मैनाली ईण्ड. प्रा.लि.) | : निर्विरोध निर्वाचित |

**११. बैंक ब्याज विरुद्ध विरोध कार्यक्रम (२०७९ फाल्गुण २४ गते) :**




छैठौं प्रदेश सभा अघि नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेशको समन्वय र मकवानपुर उद्योग वाणिज्य संघको व्यवस्थापनमा बैंक ब्याज विरूद्ध हेटौंडाको बुद्धचोकमा सम्पूर्ण उद्योग वाणिज्य संघहरूको संयुक्त विरोध कार्यक्रम आयोजना पनि गरिएको थियो । चर्को बैंक ब्याजको विरोधमा सबै जिल्ला नगर उद्योग वाणिज्य संघको आ-आफ्नो विरोध ब्यानर सहित र्‍याली आयोजना गरी बुद्धचोकमा पुगी कोणसभामा परिणत गरिएको थियो ।



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

**१२. हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्राप्त जग्गामा कम्पा उण्ड वाल निर्माण सम्पन्न, प्रस्तावित भवनको नक्सा तथा** Structural Analysis and Design Report **तयार**:

हेटौंडा उपमहानगरपालिका कार्यालयले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भवन निर्माणकालागि हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभऱ्याङ्गमा उपलब्ध गराएको ३ कठ्ठा जग्गामा कम्पाउण्ड वाल निर्माण सम्पन्न भईसकेको छ । उक्त जग्गामा प्रदेश महासंघको सचिवालय भवन निर्माण कार्य अघि बढाउन भवनको नक्सा बनाउने काम सम्पन्न गरिएको छ । भवनको नक्सासंगै भवनको Structural Analysis and Design Report पनि तयार गरि सकिएको छ । भवन निर्माण स्वीकृतिको लागि हेटौंडा उपमहानगरपालिका कार्यालयमा पत्राचार भईसकेको छ भने स्वीकृतिको पत्र प्राप्त भएपश्चात यसै वर्ष भवनको शिलान्यास कार्य अघि बढाउने लक्ष्य लिईएको छ । भवन निर्माणका लागि २०८० माघ ९ गते बसेको कार्यकारिणी समितिको बैठकमा पदाधिकारी तथा कार्यकारिणी सदस्य, केन्द्रीय सदस्यज्यूहरूबाट रू. १२,५०,०००।- रकमको प्रतिबद्धता प्राप्त भईसकेको र नेपाल उद्योग वाणिज्य महासंघ र बागमती प्रदेश सरकारबाट सचिवालय भवन निर्माणको लागि सहयोग माग गर्ने पनि निर्णय गरिएको छ । २,६०४ स्क्वायर फिटको क्षेत्रफलमा सचिवालय बनाउने लक्ष्यका साथ भवनको नक्सा तयार गरिएको हो ।

**१३. नेउवामहासंघ बागमती प्रदेश कार्यकारिणी समितिको बैठक सम्पन्न**:

छैठौं प्रदेश सभापश्चात विभिन्न मितिमा विभिन्न महत्वपूर्ण निर्णयहरू गर्दै ५ वटा कार्यकारिणी समितिको बैठक सम्पन्न गरिएको छ । अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूको सभापतित्वमा कार्यकारिणी समितिको बैठक बसेको थियो । कार्यकारिणी समितिको बैठकमा प्रदेशको सचिवालय भवन निर्माण तयारी, बागमती प्रदेश भित्रका उद्योग वाणिज्य संघहरूको आर्थिक विकासदेखि संस्थागत सहयोगलगायत उद्योगी व्यवसायीहरूलाई परेको समस्या समाधानार्थ गहन छलफल जस्ता विभिन्न महत्वपूर्ण निर्णयहरू भएको थियो ।

**हालसम्म बैठक बसेको मिति र स्थानः**

- २०८० बैशाख १६ गते पहिलो बैठक होटल यलो प्यागोडा, काठमाडौं ।
- २०८० जेठ १२ गते दोश्रो बैठक हेटौंडा सचिवालय, मकवानपुर ।
- २०८० श्रावण ३१ गते तेश्रो बैठक थाहा उवासंघ सभाहल, थाहानगर, पालुङ्ग ।
- २०८० असोज १२ गते चौथो बैठक नेउवामहासंघ सभाहल, टेकु, काठमाडौं ।
- २०८० माघ ९ गते पाँचौं बैठक अल्फा व्यांक्वेट, बानेश्वर, काठमाडौं ।

## १४. विभिन्न समितिहरूको गतिविधिहरू

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गत गठित समितिहरूले पनि समय समयमा प्रत्यक्ष तथा अनलाईन बैठकहरू बसी विभिन्न कृयाकलापहरू गर्दै आईरहेको छ । भवन निर्माण समितिमार्फत भवनको डिजाईन, नक्सालगायतका कार्यहरू सम्पन्न गरिएको छ भने विभिन्न निकायहरूमा भवन निर्माणको लागि सहयोग माग गरिएको छ । राजश्व समितिमार्फत विभिन्न निकायहरूमा राजश्व सम्बन्धी सुझावहरू पेश गरिएको छ । बैंक तथा बीमा समितिमार्फत बैंक व्याज बृद्धिलगायतका समस्याहरू उठान गरिएको छ । मेला समितिमार्फत जिल्ला नगर उवासंघहरूले आयोजना गर्ने मेला महोत्सवहरूको बारेमा जानकारी लिई मेला महोत्सवको प्रचार प्रसार प्रदेश महासंघको वेबसाईट मार्फत गरिँदै आएको छ । महिला उद्यमी विकास समितिमार्फत विभिन्न मन्त्रालयहरूमा तालिम तथा अन्य कार्यक्रमहरू आयोजना गर्न प्रस्तावहरू पेश गरिएको छ । सीप विकास तथा तालिम समितिमार्फत स्वमूल्यांकन सम्बन्धी आधारभूत तालिम प्रदान गरिएको छ । पर्यटन समिति मार्फत बागमती प्रदेशका सबै जिल्ला नगर उवासघहरूबाट पर्यटकीय क्षेत्रहरूको विवरण माग गरिएको छ । सूचना प्रविधि तथा प्रकाशन समितिमार्फत बागमती प्रदेशस्तरीय बिजनेस डाईरेक्ट्री प्रकाशन गर्नका लागि सबै जिल्ला नगर उवासंघहरूबाट आवयक सूचनाहरू प्राप्त हुने क्रम जारी छ । लघु तथा घरेलु उद्योग समितिमार्फत विभिन्न निकायहरूमा कार्यक्रम आयोजना गर्नका लागि प्रस्तावहरू पेश गरिएको छ । अन्य समितिहरूले पनि तत् तत् क्षेत्रको वृद्धि विकासका लागि आवश्यक कार्यहरू अघि बढाउने कार्य जारी छ ।

## १५. भावी कार्यक्रमहरू सम्बन्धमा :

- बागमती प्रदेशभित्र उद्योग व्यवसायको विस्तार, व्यावसायिक हक हित संरक्षण तथा





  व्यावसायिक क्रियाकलापको प्रवर्द्धन लगायतमा आवश्यक कार्यका लागि बागमती प्रदेशलाई सकृय रूपमा अगाडि बढाउने ।
- बागमती प्रदेश सचिवालय निर्माणका लागि हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्राप्त जग्गामा कम्पाउण्ड वाल लगाउने कार्य सम्पन्न भईसकेको, नक्सा तथा Structural Analysis and Design Report तयार भईसकेकोले यथाशीघ्र भवन निर्माण कार्यलाई अगाडि बढाउने ।
- जिल्ला नगर उवासंघहरूको भ्रमण गरी संघहरूको यथास्थिति बुझ्ने ।
- प्रदेश अन्तर्गतका उवासंघहरूको नयाँ कार्यसमितिलाई कार्यशाला गोष्ठीमा सहजीकरण गरी सहयोग गर्ने ।
- एशोसियट सदस्यहरूबीच समसामयिक अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।
- वैदेशिक अध्ययन अवलोकन भ्रमण कार्यक्रमको आयोजना गर्ने ।
- बस्तुगत तथा एशोसियट सदस्यता अभिवृद्धि गर्ने ।
- औद्योगिक व्यापार मेला आयोजनामा सहजीकरण गरी सहयोग गर्ने ।
- महिला उद्यमी मेला आयोजनामा सहजीकरण गरी सहयोग गर्ने ।
- समसामयिक विविध कार्यक्रमहरू आयोजना गर्दै जाने ।
- गठित विभिन्न समितिहरूलाई थप कृयाशील बनाई विभिन्न कृयाकलापहरू आयोजना गर्ने ।

## १६. अन्तर्राष्ट्रिय श्रम संगठनको Evidence Based Policy Making Training मा सहभागिता ।

***२०७९ चैत्र २७-३० गते***

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यू अन्तर्राष्ट्रिय श्रम संगठनको आयोजनामा भारतको नयाँ दिल्लीमा २०७९ चैत्र २७ गते देखि ३० गतेसम्म आयोजित ४ दिवसीय दक्षिण एशियाली क्षेत्रीय Evidence Based Policy Making Training मा सहभागी हुनु भएको थियो । नेपालको तर्फ बाट निजी क्षेत्रको प्रतिनिधित्व गर्नुहुँदै उहाँ उक्त तालिम कार्यक्रममा सहभागी हुनु भएको थियो । नेपालबाट नेपाल सरकारको तर्फबाट श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका प्राविधिक निर्देशक मणिनाथ गोप, ट्रेड युनियनको तर्फबाट लीलाकुमार श्रेष्ठ र अधिवक्ता मञ्जु

ज्ञवालीसँगै कार्यकारी निर्देशक मानन्धरले प्रतिनिधित्व गर्नुभएको थियो । तालिम कार्यक्रममा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, माल्दिभ्स, अफगानिस्तानलगायत देशका सहभागीहरू रहेका थिए ।




## १७. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पदस्थापना कार्यक्रम भव्य रूपमा सम्पन्न

***२०८० बैशाख १६***

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पदस्थापना कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका नव निर्वाचित अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षता एवम् नेपाल उद्योग वाणिज्य महासंघका नव निर्वाचित अध्यक्ष चन्द्र प्रसाद ढकालज्यूको प्रमुख आतिथ्यतामा आयोजना गरिएको पदस्थापना कार्यक्रममा प्रमुख अतिथिज्यूले प्रदेशका सबै नवनिर्वाचित पदाधिकारी तथा कार्यकारिणी सदस्यहरूलाई खादा, प्रमाण पत्र वितरण तथा शपथग्रहण गराउनु भएको







थियो । पदस्थापना कार्यक्रमकै अवसर पारेर नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष तथा पदाधिकारीज्यूहरू र बागमती प्रदेशबाट निर्वाचित कार्यकारिणी सदस्यज्यूहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामनासहित बधाई पत्र प्रदान गरिएको थियो । सभाध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले स्वागत मन्तव्य राख्नु भएको पदस्थापना कार्यक्रममा नेउवामहासंघका कार्यकारिणी सदस्य एवम् कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेत, मधेश प्रदेशका अध्यक्ष अशोक कुमार अग्रवाल टेमानी, नेउवामहासंघ बरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षत्रय सुरकृष्ण वैद्य, ज्योत्सना श्रेष्ठ, हेमराज ढकालज्यूले शुभकामना मन्तव्य राख्नु भएको थियो । पदस्थापना कार्यक्रममा वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्याहरू, बैंक व्याज वृद्धि, जिल्ला नगर उद्योग वाणिज्य संघहरूको संस्थागत विकासलगायतका विषयहरूमाथि चर्चा पनि गरिएको थियो । नेउवामहासंघ बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले संचालन गर्नुभएको पदस्थापना कार्यक्रमको समापन उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले धन्यवादज्ञापनसहित गर्नुभएको थियो ।

## १८. नवनिर्वाचित कार्यकारिणी समितिको पहिलो बैठक सम्पन्न

***२०८० बैशाख १६***

छैठौं प्रदेश सभामा नवनिर्वाचित कार्यकारिणी समितिको पहिलो बैठक काठमाडौंस्थित होटल यलो प्यागोडामा सम्पन्न गरिएको थियो । बैठकबाट रूद्रबहादुर खत्री, गीता अमात्य र ग्रुवेन तौजलेज्यूलाई मनोनित कार्यकारिणी समिति सदस्यमा मनोनयन गरिएको थियो भने उत्तम शर्मा ढकाल, बसु नारायण श्रेष्ठ, राज्यलक्ष्मी शाक्य, रोशनी धौबञ्जा र लक्ष्मी खनालज्यूलाई विशेष आमन्त्रित सदस्यमा मनोनयन गरिएको थियो । सोही बैठकबाट तपसील बमोजिम विभिन्न १६ वटा समितिहरू गठन पनि गरिएको थियो ।

| सि.नं. | नाम | समिति | पद |
|---|---|---|---|
| १. | श्री दिल सुन्दर श्रेष्ठज्यू | भवन निर्माण समिति | संयोजक |
| २. | श्री जीवनकाजी माकजु श्रेष्ठज्यू | राजश्व समिति | संयोजक |
| ३. | श्री शिवप्रसाद मानन्धरज्यू | बैंक तथा बीमा समिति | संयोजक |
| ४. | श्री विरेन्द्र नाथ भट्टराईज्यू | रोजगार समिति | संयोजक |
| ५. | श्री कृष्ण भक्त श्रेष्ठज्यू | कृषि समिति | संयोजक |

| | | |
|---|---|---|
| ६. श्री राजन कार्कीज्यू | मेला समिति | संयोजक |
| ७. श्री सनत थापाज्यू | यातायात समिति | संयोजक |
| ८. श्री प्रेमहरि मैनालीज्यू | उद्योग समिति | संयोजक |
| ९. श्री रूद्र बहादुर खत्रीज्यू | वाणिज्य तथा आपूर्ति समिति | संयोजक |
| १०. श्री गीता अमात्यज्यू | महिला उद्यमी विकास समिति | संयोजक |
| ११. श्री ग्रुवेन तौजलेज्यू | सीप विकास तथा तालिम समिति | संयोजक |
| १२. श्री उत्तमशर्मा ढकालज्यू | सचिवालय व्यवस्थापन समिति | संयोजक |
| १३. श्री बसुनारायण श्रेष्ठज्यू | सामाजिक विकास समिति | संयोजक |
| १४. श्री राज्यलक्ष्मी शाक्यज्यू | पर्यटन समिति | संयोजक |
| १५. श्री रोशनी मैंया धौबञ्जाज्यू | सूचना प्रविधि तथा प्रकाशन समिति | संयोजक |
| १६. श्री लक्ष्मी खनालज्यू | लघु तथा घरेलु उद्योग समिति | संयोजक |

साथै प्रदेशको सचिवालय निर्माणको लागि रू. १० लाखको भवन निर्माण कोष पनि निर्माण गर्ने निर्णय गरिएको थियो ।



## १९. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको अभिमुखीकरण कार्यक्रम सम्पन्न

*२०८० वैशाख २२*

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्र सँगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम काठमाडौं स्थित ज्ञानोदय माध्यमिक विद्यालयमा सम्पन्न गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरू माथि चर्चा गरिएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघ काठमाडौं, चन्द्रागिरी नगर उद्योग



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province



वाणिज्य संघ र कीर्तिपुर नगर उद्योग वाणिज्य संघबाट गरी करिब ७० जना उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो । सामाजिक विकास मन्त्रालयको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका तात्कालिन सचिव रामकृष्ण पुडासैनी, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठ, नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठ, बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, कृष्णभक्त श्रेष्ठज्यूलगायतको उपस्थिति रहेको थियो ।

## २०. आ.व. २०८०/०८१ को पूर्व बजेट अन्तरक्रिया कार्यक्रम सम्पन्न

*२०८० जेठ १२*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आ.व. २०८०/८१ को पूर्व बजेट अन्तरक्रिया कार्यक्रम हेटौंडामा आयोजना गरेको थियो । प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यूले निजी क्षेत्रसंगको समस्या आफूले लामो समयदेखि बुझ्दै आएको र हरसम्भव समाधानमा सदैव लागिपरेको बताउनुभएको थियो । उद्योगी व्यवसायीहरूको जायज मागहरू बजेटमा सम्बोधन गर्न आफू कटिबद्ध रहने र आर्थिक समृद्धिका लागि उद्योग, व्यापार, कृषि, पर्यटन, जलश्रोत, हस्तकला जस्ता सबै क्षेत्रमा निजी क्षेत्रको साथ लिएर अघि बढ्नुको विकल्प नरहेको बताउनु हुँदै उहाँले अब कागजका परियोजनाहरूलाई सहन नसकिने बताउनुभएको थियो । आफूसँग भएका श्रोत साधनहरूको प्रयोग गरी यथासक्य छिटो देश सबै कुरामा आत्मनिर्भर बनाउन सबैको साथ, सहकार्य र सहयोगको अपेक्षा पनि उहाँले राख्नुभएको थियो ।




आगामी बजेटमा निजी क्षेत्रको धारणा पेश गर्ने उद्देश्यका साथ अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको बताउनु हुँदै स्वागत मन्तव्य राख्नुभएका अध्यक्ष श्रेष्ठले ती धारणाहरू माथि आगामी बजेटमा सम्बोधन हुने अपेक्षा गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिंह लामाज्यूले अब बजेट छर्ने हिसाबले भन्दा पनि ठोस देखिने हिसाबले छुट्याईने बताउनुभएको थियो । राजस्व संकलन विगतमा भन्दा कम भएको बताउनुहुँदै उहाँले बजेटमा सक्दो निजी क्षेत्रका धारणाहरू समावेश गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूले निजी क्षेत्रका समस्याहरू प्रादेशिक बजेटमा सम्बोधन हुन सके सरकार र निजी क्षेत्रको आपसी सहकार्यमा आर्थिक उन्नतिमा धेरै अघि बढ्न सकिने बताउनुभएको थियो । आगामी वर्ष व्यवसायीहरूलाई लक्षित गरी १५००० युवाहरूलाई तालिम प्रदान गर्न चाहेको बताउनुहुँदै तालिम तथा रोजगारको लागि निजी क्षेत्र सरकारसंग ७७ वटै जिल्लामा उद्योग वाणिज्य संघहरू मार्फत हातेमालो गरेर अघि बढ्न चाहेको पनि उहाँले बताउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कर, राजस्व, भन्सार, कृषि, पर्यटन, उद्योग, सहकारी, श्रम, रोजगार, यातायात, औद्योगिक क्षेत्रका धारणाहरू माथि प्रस्तुतिकरण नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सविन श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्री गंगा नारायण श्रेष्ठ, श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, सांसद श्रीराम लामिछाने, सामाजिक विकास मन्त्रालयका तात्कालिन सचिव रामकृष्ण पुडासैनीज्यू लगायतले निजी क्षेत्रका धारणा उपर आफ्नो विचारहरू राख्नुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

सञ्चालन गर्नुभएको अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन गर्नुभएको थियो । अन्तरक्रिया कार्यक्रममा पर्यटन, उद्योग तथा सहकारी मन्त्री पुकार महर्जन, सांसद सुना कर्ण, कञ्चन वादे श्रेष्ठ, नेउवा महासंघका केन्द्रीय कार्यकारिणी सदस्यहरू, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका पदाधिकारी, कार्यकारिणी सदस्यहरू, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्यहरू, बस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरू र सञ्चारकर्मीज्यूहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## २१. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय स्थानान्तरण

*२०८० जेठ १७*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय हेटौंडा उपमहानगरपालिका वडा नं. ४ हुप्रचौर नजिकै स्थानान्तरण गरिएको छ । स्थानान्तरण गरिएको सचिवालयमा अध्यक्षको कार्यकक्ष, कार्यकारी निर्देशकको कार्यकक्ष, स्टोर, अतिथि गृह, रिसेप्सन र एउटा मिनी सभाहल रहेको छ । छुट्टै टेलिफोन, ईन्टर नेटसहित सचिवालय व्यवस्थित रूपमा स्थापना गरिएको सचिवालय व्यवस्थापन समितिका संयोजक उत्तम शर्मा ढकालले बताउनुभएको छ । प्रदेश महासंघको सचिवालय यस अघि मकवानपुर उद्योग वाणिज्य संघको भवनको २ वटा कोठामा सीमित रहेको थियो ।




## २२. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिलाई भक्तपुर पर्यटन विकास समितिको स्वागत

*२०८० जेठ ३०*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिलाई भक्तपुर



पर्यटन विकास समितिले स्वागत तथा परिचयात्मक कार्यक्रम आयोजना गरेको थियो । भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेश राज शर्मा र समिति सदस्य रीता सुवालज्यूले बागमती प्रदेश पर्यटन विकास समितिका सबैलाई टिका, कोखा र सगुन प्रदान गरी स्वागत गर्नुभएको थियो । स्वागत तथा छलफल कार्यक्रममा दुवै संस्थाले र नेपाल सरकार संग मिलेर पर्यटनको विकासमा सहयोग गर्ने प्रतिबद्धता प्राप्त भएको थियो । विशेष गरी जिल्लागत चिनारीको ब्राण्डिङ्ग, बस्तुको विविधिकरण र बजारीकरण, कोसेली घर, फ्यामिली स्टे कार्यक्रमको प्रवर्द्धन, बागमती प्रदेशको सबै जिल्लाको पर्यटकीय टुरिष्ट गाईड बुक प्रकाशन जस्ता विषयमा छलफल विशेष रूपमा केन्द्रित रहेको थियो । स्वागत तथा परिचयात्मक कार्यक्रममा बागमती प्रदेश पर्यटन विकास समितिका सभापति राज्यलक्ष्मी शाक्य, उपसभापति राम सुन्दर भेले, सदस्य आपुलाल अवाले, जुलिया माकजु श्रेष्ठ, निला कुमार श्रेष्ठ, नेउवामहासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धर, भक्तपुर पर्यटन विकास समिति सदस्य अल्बर्ट बज्राचार्य र विशेष सल्लाहकार राधेश्याम मालाकारज्यूको उपस्थिति रहेको थियो ।

स्वागत तथा छलफल कार्यक्रम पश्चात बसेको पर्यटन विकास समितिको बैठकले यही असार ८ गते नुवाकोट जिल्लाको ऐतिहासिक, पर्यटकीय, धार्मिक क्षेत्रहरूको संरक्षण संवर्द्धनका लागि उक्त क्षेत्रको अवलोकन भ्रमण गर्ने र असार १५ गते सूर्यविनायकमा हुने पर्यटन सम्बन्धी महोत्सवको अवसरमा सोही स्थानमा आगामी बैठक तथा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको थियो भने प्रादेशिक टुरिष्ट गाईड बुकको प्रकाशनको पूर्व तयारी गर्ने पनि निर्णय गरिएको थियो ।

## २३. विभिन्न ४ जिल्लामा सामाजिक विकास मन्त्रालयको अभिमुखीकरण कार्यक्रम सम्पन्न

*२०८० असार ३, ४, १४, १५*

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा





रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम बागमती प्रदेशका विभिन्न जिल्लाहरूमा सम्पन्न गरिएको थियो । राष्ट्रिय व्यावसायिक




योग्यता प्रणाली, यसको आवश्यक्ता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको उक्त कार्यक्रमहरू क्रमश: असार ३ गते दोलखा उद्योग वाणिज्य संघ, असार ४ गते रामेछाप उद्योग वाणिज्य संघ, असार १४ गते नुवाकोट उद्योग वाणिज्य संघ र असार १५ गते सिन्धुपाल्चोक उद्योग वाणिज्य संघसंग समन्वय गरी सम्बन्धित जिल्लाका उद्योगी व्यवसायीहरूलाई समेटी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । सामाजिक विकास मन्त्रालयको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका तात्कालिन सचिव रामकृष्ण पुडासैनी, अधिकृत रनमाया फ्याक, सुक चौधरी, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरू, सम्बन्धित जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी तथा कार्यकारी प्रमुखहरूको उपस्थिति रहेको थियो । अभिमुखीकरण कार्यक्रम ४ वटै जिल्लाको गरी करिब १५० जना उद्योगी व्यवसायीहरूलाई लक्षित गरी आयोजना गरिएको थियो ।

## २४. नेपाल उद्योग वाणिज्य महासंघबाट सबै प्रदेशलाई लेखा सम्बन्धी अनलाईन तालिम प्रदान

*२०८० असार २८*

नेपाल उद्योग वाणिज्य महासंघ बाट सबै प्रदेशलाई आ.व. २०८०। ८१ बाट अनिवार्य लागू गर्ने गरी नयाँ लेखा सम्बन्धी सफ्टवेयर प्रयोग गर्ने तालिम प्रदान गरिएको




थियो । नयाँ आ.व. को पूर्वसन्ध्यामा सबै सात प्रदेश उद्योग वाणिज्य महासंघलाई अनलाईन तालिम प्रदान गरिएको थियो । प्रादेशिक कार्यालयहरूमा लेखा प्रणालीलाई एकरूपता प्रदान गर्ने हेतुले दिईएको तालिमको सहजीकरण नेपाल उद्योग वाणिज्य महासंघका सह-निर्देशक परशुराम नेपालज्यूले गर्नुभएको थियो । जुम मार्फत प्रदान गरिएको तालिम कार्यक्रममा सातै प्रदेशका कार्यकारी निर्देशकहरू र लेखा हेर्ने कर्मचारीहरूको उपस्थिति रहेको थियो भने नेउवामहासंघको तर्फबाट प्रमुख वित्त अधिकृत ब्रजेश वर्मा, निर्देशक सूर्यराज पौडेल र उप-निर्देशक विकास बज्राचार्यज्यूको उपस्थिति रहेको थियो । बागमती प्रदेशबाट तालिममा कार्यकारी निर्देशक विवेक मानन्धर र कार्यालय सहायक श्रृष्टि पुडासैनीज्यूले सहभागिता जनाउनुभएको थियो । सोही तालिम बमोजिम आ.व. ०८०/८१ देखि नयाँ सफ्टवेयर अनुसार नै लेखा प्रणाली व्यवस्थित गरिँदै आएको छ ।

## २५. विषयगत समितिहरुबीच परिचयात्मक कार्यक्रम तथा उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको समस्या सम्बन्धी छलफल कार्यक्रम भव्य रुपमा सम्पन्न

*२०८० श्रावण ३२*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरू बीच परिचयात्मक कार्यक्रम र उद्योग व्यवसायीहरूले भोग्नु परिरहेको समस्या सम्बन्धी छलफल कार्यक्रम थाहा नगरपालिका, मकवानपुरमा भव्यतापूर्वक सम्पन्न गरिएको थियो । बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठ ज्यूको सभापतित्वमा आयोजित कार्यक्रममा विभिन्न १६ वटा विषयगत समितिहरूका संयोजक, उप-संयोजक, सदस्य,







आमन्त्रित सदस्य, सल्लाहकारहरूलाई प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू मार्फत खादा लगाई मनोनयन पत्र प्रदान गरिएको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै स्वागत मन्तव्य राख्नु भएका अध्यक्ष श्रेष्ठले विषयगत समितिहरूले आगामी दिनहरूमा गर्नुपर्ने कृयाकलापहरूको विषयमा चर्चा गर्नुभएको थियो भने वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको विविध समस्याहरूको विषय उजागर गर्न कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो । सबै प्रदेशका सम्बन्धित विषयगत समितिहरूलाई नेपाल उद्योग वाणिज्य महासंघका तत् तत् समितिहरूमा जोड्न पहल गर्ने बताउनुहुँदै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रका समस्याहरू सरकारले सम्बोधन गर्न कन्जुस्याईं गरेको बताउनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्याहरू जिल्ला नगर उवासंघका अध्यक्षहरूले राख्नु भएको थियो । उद्योगी व्यसायीहरूले खेप्नु परेको समस्याहरू भक्तपुर उवासंघका नि. अध्यक्ष तथा बागमती प्रदेशका कार्यकारिणी सदस्य शिव प्रसाद मानन्धर, सिन्धुली उवासंघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ, पनौती उवासंघका अध्यक्ष भोला थापा, कीर्तिपुर नगर उवासंघका अध्यक्ष तथा बागमती प्रदेशका कार्यकारिणी सदस्य राज्यलक्ष्मी शाक्य, बागमती प्रदेशका कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, रसुवा उवासंघका अध्यक्ष सुकसाङ्ग तामाङ्ग, महालक्ष्मी नगर उवासंघका अध्यक्ष नविन्द्र देव महर्जन, नुवाकोट उवासंघका बरिष्ठ उपाध्यक्ष सन्तोष उप्रेती, उवासंघ खैरहनीका अध्यक्ष दिपेन श्रेष्ठ र गोदावरी उवासंघका उपाध्यक्ष कवि बस्नेतले उजागर गर्नुभएको थियो । उद्योगी व्यवसायीहरूले भोगेका समस्याहरूमा बैंकको चर्को ब्याज, चालु पूँजी कर्जाका प्रावधानहरू, कच्चा पदार्थमा लगाईएको अन्त: शुल्क, कर समस्या,

सहकारी समस्या, बन्द रसुवाका चीन नाकाहरू, न्यूनतम पारिश्रमिक बृद्धि, महिला उद्यमीका समस्याहरूको विषयहरू उठान भएका थिए । समस्याहरू उपर सम्बोधन गर्दै प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूले नेउवामहासंघको १०० दिने उपलब्धिहरूको विषयमा जानकारी गराउनुभएको थियो । उद्योगी व्यवसायीहरूको समस्या सम्बोधनकालागि नै धेरै समय खर्च गरेको बताउनुहुँदै प्रमुख अतिथि बैद्यले जिल्ला नगर उवासंघहरूको आत्मनिर्भरताका लागि महासंघले विभिन्न कार्यक्रमहरू ल्याउन लागेको पनि बताउनुभएको थियो । थाहानगरको तरकारी निर्यात र यहाँको पर्यटनले आफूलाई धेरै अघिदेखि छोएको बताउनुहुँदै उपाध्यक्ष बैद्यले छिट्टै नै थाहा नगरपालिकामा पर्यटनको सम्भाव्यता र लगानी विषयक कार्यक्रम आयोजना गर्ने पनि बताउनुभएको थियो ।

कार्यक्रममा नेउवामहासंघका बस्तुगत उपाध्यक्ष हेमराज ढकाल, नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठ, केन्द्रीय कार्यकारिणी सदस्य अमरेश चन्द्र बैदार, ताराबहादुर कार्की, थाहा नगर प्रमुख विष्णु बहादुर विष्टज्यू लगायतले छलफलमा केन्द्रित रहेर आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रमकै अवसरमा नेपाल टेलरिङ्ग व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष सदिश श्रेष्ठ, बरिष्ठ उपाध्यक्ष राजमान डंगोलज्यूलाई बधाई पत्र प्रदान गरिएको थियो ।

नेउवामहासंघ बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो भने कार्यक्रमको समापन उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले धन्यवादज्ञापन सहित गर्नुभएको थियो । कार्यक्रममा विभिन्न उवासंघका अध्यक्षहरू, बस्तुगत संघसंस्थाहरूका अध्यक्ष तथा प्रतिनिधिहरू, विषयगत समितिका सदस्यहरू, थाहा नगरपालिका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, थाहा उवासंघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरू, कर्मचारीहरू, संचारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम व्यवस्थापन र न्यानो आतिथ्यताको लागि थाहानगर उवासंघ र थाहा नगरपालिकालाई धन्यवाद पनि व्यक्त गरिएको थियो ।

## २६. नेउवामहासंघ बागमती प्रदेशका सदस्य व्यवसायीहरू चीन भ्रमणमा

*२०८० भाद्र २९*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सदस्य व्यवसायी हरू चीन भ्रमणमा जानु भएको थियो । चाईना ट्रेड प्रमोसन सेन्टरको आमन्त्रण र नेपाल ट्रेड प्रमोसन सेन्टरको



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province




संयोजनमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका व्यवसायी साथी हरूसहितको टोली १० दिनको चीन भ्रमणमा जानु भएको थियो । भ्रमणको सफलताको शुभकामना दिन आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले भक्तपुरस्थित होटल हेरिटेजमा सबै सहभागीहरूलाई भ्रमणको सफलताको शुभकामना दिनुभएको थियो । उद्योगी व्यवसायीहरूको क्षमता विकास तथा ज्ञान अभिबृद्धि संगसंगै व्यावसायिक कृयाकलापको अवसर प्रदान गर्न प्राप्त हुने यस्ता भ्रमण कार्यक्रमहरूमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आवश्यक समन्वय र सहजीकरण गर्दै आईरहेको छ । टोलीले गत भाद्र ३१ गतेदेखि असोज ९ गतेसम्म भएको भ्रमण कार्यक्रममा चीनको छेङ्दु, बेईजिङ्ग र सिन्ताई शहरहरूको अवलोकन गर्नुभएको थियो । अध्ययन अवलोकन भ्रमण टोलीका सदस्य रमेश रत्न तुलाधरको भ्रमणकै क्रममा असामयिक निधन भएकोमा कार्यकारिणी समितिले शोक प्रस्ताव पास गरेको थियो ।

## २७. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको चौथो कार्यकारिणी समितिको बैठक सम्पन्न

*२०८० असोज १२*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको चौथो कार्यकारिणी समितिको बैठक नेपाल उद्योग वाणिज्य महासंघ टेकुमा सम्पन्न भएको थियो । अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षतामा बसेको बैठकमा पूर्णता पाउन बाँकी समितिहरूलाई पूर्णता प्रदान गरिएको थियो भने प्रदेश महासंघ अन्तर्गत गठित समितिहरूको गतिविधिहरूको विषयमा कार्यकारिणी समिति लाई जानकारी गराइएको थियो । त्यसैगरी बैठकले हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्रदेश महासंघको लागि प्राप्त जग्गामा भवन निर्माणका



लागि नक्सा एवम् ईष्टिमेट लगायतका कार्यहरू सम्पन्न भईसकेको र आगामी चरणमा जग्गामा भवन बनाउने कार्य अघि बढाउनु अघि मन्त्री स्तरीय क्याबिनेट बैठकबाट लिजमा लिने कार्य अघि बढाएर मात्रै अघि बढ्ने साथै वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्याहरू समाधानका लागि केन्द्रीय महासंघमा घच्घच्याउने निर्णय पनि गरिएको थियो । त्यसैगरी चीनको अध्ययन अवलोकन भ्रमण टोलीका सदस्य रमेश रत्न तुलाधरको असामयिक निधनप्रति शोक प्रस्ताव पनि पास गरिएको थियो ।

## १८. नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्र र बागमती प्रदेश उद्योग वाणिज्य महासंघ बीच छलफल सम्पन्न

*२०८० असोज १२*

नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्र र बागमती प्रदेश उद्योग वाणिज्य महासंघ बीच विविध विषयहरूमा छलफल भएको थियो । नेउवामहासंघका का.वा. अध्यक्ष अञ्जन श्रेष्ठज्यूको विशेष उपस्थितिमा आयोजित छलफल कार्यक्रम विशेषत एक गाउँ एक उत्पादन कार्यक्रम निर्देशिका २०८० को मस्यौदा उपर केन्द्रित रहेको थियो । प्रदेशका सबै जिल्ला नगर उवासंघहरू मार्फत विगतमा झैं एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गर्ने अभिप्रायले छलफल राखिएको नेउवामहासंघ कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेतले बताउनुभएको थियो । कृषि उद्यम केन्द्रका उपसभापति राजकुमार कार्कीज्यूले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा केन्द्रका प्रमुख कार्यकारी अधिकृत दिनेश पराजुलीज्यूले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । बागमती प्रदेश उद्योग वाणिज्य महासंघका पदाधिकारी तथा कार्यकारिणी समिति सदस्यहरू, कृषि उद्यम समिति र उद्योग समितिका सदस्यहरूको उपस्थिति रहेको कार्यक्रममा कृषि उद्यम केन्द्रका





बरिष्ठ कार्यक्रम अधिकृत अरूण श्रेष्ठज्यूले निर्देशिकाको मस्यौदा उपर प्रस्तुतिकरण दिनुभएको थियो भने कृषि क्षेत्रमा प्राप्त केन्द्रीय र प्रादेशिक बजेटको विषय हरूमा कृषि उद्यम केन्द्रका व्यवसाय विकास अधिकृत बालकृष्ण दाहालज्यूले प्रस्तुतिकरण दिनुभएको थियो ।



कार्यक्रममा बागमती प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूले देश आत्मनिर्भर बनाउने सशक्त माध्यम नै कृषि भएको बताउनुहुँदै कृषि उद्यम केन्द्र र प्रादेशिक मन्त्रालयहरूसंग सहकार्य गर्दै अघि बढ्ने बताउनुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका का.वा. अध्यक्ष अञ्जन श्रेष्ठज्यूले कृषि उद्यम केन्द्रले गरेको नयाँ शुरूवातको लागि धन्यवाद व्यक्त गर्नुभएको थियो । उहाँले एक गाउँ एक उत्पादन कार्यक्रम नेउवामहासंघको एउटा ब्राण्ड बनिसकेको अवस्थामा एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत स्थापना भएका उद्योगहरू संचालन हुन नसक्नु दु:खद भएको बताउनुहुँदै आर्थिक अनुशासन कायम रहेको खण्डमा कुनै पनि उद्योग व्यवसाय पलायन हुन नपर्ने बताउनुभएको थियो । संघहरूले समाजको रूपान्तरणमा पनि सहयोग गर्नुपर्ने बताउनुहुँदै उहाँले हरेक प्रदेशमा कृषि उद्यम केन्द्रको युनिट स्थापना गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

कार्यक्रममा बागमती प्रदेश उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, राजन कार्की, गीता अमात्य, राज्यलक्ष्मी शाक्य, यादव दाहाल, कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले संस्थागत विकास, बजारीकरण, स्थानीय निकायको उपेक्षा, वितरणमुखी बजेट, समन्वयको कमीलगायतको विषयमा आ-आफ्नो जिज्ञासाहरू राख्नुभएको थियो । कृषि उद्यम केन्द्रका प्रशासन तथा लेखा अधिकृत सुरज पौडेलज्यूले सञ्चालन गर्नुभएको कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेतज्यूले सहभागीहरूबाट उठेका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो ।

## २९. उद्योगीहरूले राहतको साँस फेर्न पाउने

*२०८० असोज २३*

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम उद्योग, वाणिज्य, भूमि तथा प्रशासन



मन्त्रीको अध्यक्षतामा गठित उद्योग तथा लगानी प्रवर्द्धन समितिको २०८० असोज २३ गते मन्त्रालयमा बसेको बैठकले विविध निर्णयहरू गरेको थियो । निर्णयपश्चात दुईवर्ष देखि सहमतिका लागि कुरेका उद्योगीहरूले राहतको साँस फेर्न पाएका थिए । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले बैठकमा उद्योगी व्यवसायीहरूले सहमतिका लागि मात्र लामो समयसम्म कुर्न नपर्ने उपाय सुझाएका थिए । ऐनमा अधिकार प्रत्यायोजनको व्यवस्था भएकोले उहाँकै सुझाव अनुसार समितिले बैठक उप्रान्त ५० लाख सम्मका उद्योग व्यवसायको सहमति लिन मन्त्रालयका सचिवलाई नै उक्त अधिकार प्रत्यायोजन गरी उद्योगी व्यवसायीहरूलाई राहत प्रदान गर्ने निर्णय गरेको थियो । ५० लाखभन्दा माथिका उद्योग व्यवसायको हकमा ऐन बमोजिम निवेदन प्राप्त भएको १५ दिनभित्र समितिको बैठक बसी निर्णय दिने पनि निर्णय गरिएको थियो । बैठकमा विभिन्न मन्त्रालयका सचिवज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । चुरोट, खैनी, सुर्तीजन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा उत्पादन गर्ने उद्योग, ढुंगा गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग, रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग, चुनढुंगा, मार्बल, ग्रेनाईट, खरि ढुंगा, ईट्टा, टायल, स्लेट, ब्लक, ब्लक टायल, ह्युम पाईप, बहुमूल्य खनिज उत्खनन, पेट्रोलियम पदार्थ उत्खनन जस्ता उद्योगहरू संचालन गर्नुपूर्व उद्योग तथा लगानी प्रवर्द्धन समितिको सहमति लिनुपर्ने नीतिगत व्यवस्था रही आएको छ ।

## ३०. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको अभिमुखीकरण कार्यक्रम सम्पन्न

*२०८० असोज २४*

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम उद्योग वाणिज्य संघ चितवनको सभाहलमा सम्पन्न गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय



अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवन र रत्ननगर उवासंघबाट गरी ४० जना उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो । सामाजिक विकास मन्त्रालयको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन, उद्योग वाणिज्य संघ चितवन र रत्ननगर उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव भीष्म कुमार भुजेल, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठ, उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुन नारायण श्रेष्ठज्यूले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका कार्यकारी निर्देशक निर बहादुर के.सी. ज्यूले उद्योग वाणिज्य संघ चितवनको गतिविधि, सामाजिक विकास मन्त्रालय अन्तर्गत नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्राविधिक संयोजक सुक बहादुर चौधरीले सीप परीक्षण, प्रणालीको संक्षिप्त परिचय, निजी क्षेत्रको भूमिका र रोजगारीको लागि अनलाईन डाटाबेस सिष्टम एवम् सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख खुबिराम अधिकारीले प्राविधिक तालिम सम्बन्धी तीनै तहको सरकारको संवैधानिक जिम्मेवारी, सामाजिक विकास मन्त्रालयले गरेका पहल एवम् प्रयासहरूको विषयमा प्रस्तुतिकरण दिनुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ

बागमती प्रदेशका कार्यकारी निर्देशक, उद्योग वाणिज्य संघ चितवन र रत्ननगर उवासंघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको पनि उपस्थिति रहेको थियो ।

### ३१. आधारभूत स्थानीय तथा क्षेत्रीय आर्थिक विकास तालिममा सहभागिता

***२०८० मंसिर ८-११, पौष २-४,***



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य यादव दाहालज्यूले जीआईजेड द्वारा मंसिर ८ गतेदेखि ११ गतेसम्म प्रदान गरिएको तालिममा सहभागिता जनाउनु भएको थियो । सुर्खेतमा भएको ४ दिने र बर्दियामा भएको ३ दिने आवासीय तालिममा सदस्य दाहालज्यूले सहभागिता जनाउनु भएको थियो । तालिम आधारभूत स्थानीय तथा क्षेत्रीय आर्थिक विकाससंग सम्बन्धित रहेको थियो । तालिममा सबै प्रदेश उद्योग वाणिज्य महासंघबाट प्रतिनिधित्व रहेको थियो । तालिम तीन चरण गरी १० दिनको रहने सहभागिता जनाउनु भएका सदस्य दाहालले बताउनुभएको थियो ।

### ३२. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र मधेश प्रदेशबीच संयुक्त व्यावसायिक बैठक सम्पन्न

***२०८० मंसिर १३***

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र मधेश प्रदेशबीच संयुक्त व्यावसायिक बैठक आयोजना गरिएको थियो । दुवै प्रदेशका अध्यक्षद्वय दिल सुन्दर श्रेष्ठ र अशोक कुमार टेमानीज्यूको संयुक्त सभापतित्व एवम् नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुर कृष्ण बैद्यको प्रमुख आतिथ्यतामा बैठक नयाँ बानेश्वर, काठमाडौंस्थित अल्फा हाउस व्यांक्वेटमा आयोजना गरिएको थियो । बैठकमा प्रमुख अतिथि सुरकृष्ण बैद्यज्यूले यस किसिमका बैठकहरूले एक प्रदेशसंग अर्को प्रदेशको सम्बन्ध थप सुदृढ हुनाका साथै एक आपसका व्यावसायिक सम्भावनाहरूको पनि ढोका खोलिने बताउनु भएको थियो । कार्यक्रममा दुवै प्रदेश अध्यक्षहरूले एक अर्काको प्रदेशका व्यावसायिक







सम्भावनाहरू उजागर गर्नुभएको थियो भने सबै सहभागीहरूले एक अर्काको व्यावसायिक परिचय आदान प्रदान गर्नु भएको थियो । कार्यक्रममा नेउवा महासंघका बस्तुगत उपाध्यक्ष हेमराज ढकाल, पूर्व उपाध्यक्ष तथा नेपाल उद्योग वाणिज्य सघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठ, कार्यकारिणी सदस्य डि.बी. बस्नेत, सविन श्रेष्ठ, अमरेश चन्द्र बैदार, मञ्जु कुमार श्रेष्ठ कोजु, ताराबहादुर कार्की, उमेश डालमियाँ, अरूण कुमार प्रधान, केशव भण्डारी, दुवै प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरू, विभिन्न जिल्ला नगर उवासंघका अध्यक्ष एवम् प्रतिनिधिहरू, विभिन्न बस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा दुवै प्रदेश अध्यक्षहरूले एक आपसमा मायाको चिनो साटासाट गर्नुभएको थियो ।

### ३३. ललितपुरमा सामाजिक विकास मन्त्रालयको सीप परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

***२०८० पौष २०***

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम ललितपुर उद्योग वाणिज्य संघको सभाहलमा आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको थियो । कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघ, महालक्ष्मी नगर उद्योग वाणिज्य संघ र गोदावरी उद्योग वाणिज्य संघबाट गरी ४० जना उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो । सामाजिक



विकास मन्त्रालयको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन, ललितपुर उद्योग वाणिज्य संघ, महालक्ष्मी नगर उद्योग वाणिज्य संघ र गोदावरी उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव भीष्म कुमार भुजेल, ललितपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष मनोज बहादुर न्याछ्योंज्यूले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्रोसेस मेनेजर प्रेम मग्रातीले सीप परीक्षण, योग्यता प्रणालीको संक्षिप्त परिचय, निजी क्षेत्रको भूमिका, नेपाल सीप परीक्षण बोर्डका बजार व्यवस्थापन तथा जनसम्पर्क ईकाइ प्रमुख निशी श्रेष्ठले आरपीएल विधिबाट सीप परीक्षण र रोजगारीको लागि अनलाईन डाटाबेस सिष्टमको विषयमा प्रस्तुतिकरण दिनुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धर, ललितपुर उद्योग वाणिज्य संघ, महालक्ष्मी नगर उद्योग वाणिज्य संघ र गोदावरी उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको पनि उपस्थिति रहेको थियो । कार्यक्रम राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजनाका चन्द्र बहादुर श्रेष्ठज्यूले संचालन गर्नुभएको थियो ।

## ३४. खैरहनी चितवनमा सामाजिक विकास मन्त्रालयको सीप परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

***२०८० पौष २५ गते***

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक







